नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

☎ ४२००२८७
४२००५०५
सिंहदरवार

प.सं. ०७४/७५
च.नं. 1180

मितिः २०७५/०३/20

विषयः- बेरुजु फछ्र्यौट तथा सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको आर्थिक वर्ष २०७२/७३ सम्मको कूल वेरुजु मध्ये मन्त्रालयबाट पठाईएको बेरुजु फछ्र्यौट कार्ययोजना र मार्गदर्शनमा उल्लेखित लक्ष्य अनुसार २०७५ साल असार १५ गतेसम्म बेरुजु फछ्र्यौट प्रगति पुग्न सकेको देखिएन । मन्त्रालयबाट तोकिएको न्यूनतम लक्ष्य कूल बेरुजुको ५० प्रतिशत नपुगेमा कार्यालय प्रमुख र लेखा प्रमुखलाई नियमानुसार कारवाही भै कार्यसम्पादन मूल्याङ्कनमा समेत असर पर्ने हुँदा सम्परीक्षण कार्यलाई विशेष जोड दिई लक्ष्य अनुसार प्रगति हासिल गर्ने व्यवस्था मिलाउनु हुन मिति २०७५/०३/१९ (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ । साथै सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा स्रेस्ता पेश गर्दा तपशिलमा उल्लिखित विवरण तयार गरी सम्परीक्षण गराउनु हुन समेत अनुरोध गरिन्छ ।

तपशिल

<u>सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट बारे</u>

- लगत अद्यावधिक र प्रमाणित भएको हुनुपर्ने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा अनिवार्य रुपमा परिचय पत्र नम्बर र नागरिकता नम्बर उल्लेख गरेको हुनुपर्ने छ।
- पेश्की फछ्र्यौट गर्दा विल भरपाईको जोडजम्मा गरी नपुग रकम राजश्व शि.न. १५११२ मा दाखिला भएको हुनुपर्ने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो वितरण गरेको छ छैन, एकिन गरी दोहोरो वितरण गरेको देखिएमा सो दोहोरो रकम दाखिला गरी दोहोरो वितरण गर्ने कर्मचारीलाई कारवाही गरेको हुनुपर्ने छ।
- बैकिङ्ग प्रणाली मार्फत वितरण भएकोमा बैकमा बाँकी रहेको मौज्दात फिर्ता हुनु पर्नेछ । नामनामेसी सहितको वितरण अभिलेख अद्यावधिक गरेको हुनुपर्ने छ।
- बैकिङ्ग प्रणाली मार्फत वितरण हुने सामाजिक सुरक्षा भत्ता आषाढ मसान्तसम्म वितरण गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता/फ्रिज गर्नु पर्नेछ ।
- आषाढ मसान्तपछि समेत बैकमा मौज्दात रहने गरेको र सो रकमबाट चालु वर्षको भत्ता वितरण गर्ने गरेकोले मौज्दात रकम संचित कोष दाखिला भएको भौचर पेश हुनु पर्नेछ ।

........................ ३/२०
(अर्जुन प्रसाद पौडेल)
उप-सचिव (लेखा)

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय,

स्थानीय विकास निर्देशनालय, पुल्चोक ।

श्री सूचना तथा विद्युतीय शाखाः *उक्त पत्र Website मा राखिदिनु हुन ।*